

# दोर्दी-१ जलविद्युत खबर

फागुन २०७७, अंक ४६

लमजुङ जिल्ला दोर्दी गाउँपालिका हुदै बग्ने दोर्दी खोला, दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड द्धारा प्रबिर्धित दोर्दी–१ जलविद्युत आयोजना (१२ मे.वा.) को निर्माण कार्य समयमै सम्पन्न गर्ने उद्देश्यका साथ तिव्र गतिमा निर्माण कार्य भईरहेको छ । यस आयोजनाको सम्पुर्ण प्रगति विवरणको मुल्याङकनको आधारमा ९० प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ ।

आयोजनाको Head works अर्न्तगतको सम्पूर्ण सिभिल निर्माण कार्य ९८ प्रतिशत सम्पन्न भईसकेको छ । बाँकि २ प्रतिशतमा Protection र Forebay को निर्माण कार्य तिब्र गतिमा अघि बढिरहेको छ र छिटै निर्माण कार्य सक्ने लक्ष्य रहेको छ ।

जेष्ठ २०७७ मा Break through भएको सुरुङको हाल अन्तिम finishing अर्न्तगत Short Crete र Invert Concrete Lining को निर्माण कार्य सम्पन्न भईसकेको छ र Rib Crown Concreting को कार्य पनि अगाडी बढीसकेको छ । त्यसैगरि Surge Tank को Excavation को कार्य सम्पन्न भई Support को कार्य निरन्तर रुपमा भईरहेको छ ।



*Railling and Shades in Headworks.*



*आयोजनाको सुरुङ निर्माण स्थलको कार्य झलक ।*

आयोजना स्थलमा ७२० मिटर पेनस्टक पाइप मध्ये ४५५ मिटर पेन स्टक पाइप जडान भई ढलान भईसकेको छ र बाँकी पेन स्टक पाइप जडान निर्माण कार्य निरन्तर रुपमा अघि बढिरहेको छ ।



*आयोजनाको Pen stock pipe को जडान गर्ने कार्य गरिँदै ।*

यस आयोजनाको पावर हाउसमा सिभिल कार्य अर्न्तगत पावर हाउस finishing को कार्य सम्पन्न भइसकेको छ । EM को सम्पूर्ण उपकरणहरु आयोजना क्षेत्रमा ढुवानी भई हाल PH मा उपकरण जडान कार्य तिब्र गतिमा भईरहेको छ । Turbine/Draft tube को जडान कार्य सम्पन्न भईसकेको छ र Generator Alignment को निर्माण कार्य पनि अन्तिम चरणममा पुगेको छ ।



***Rotor Positioning inside Powerhouse***

दोर्दी-१ जलविद्युत आयोजनाको नेपाल विद्युत प्राधिकरण अन्तर्गतको किर्तिपुर सब स्टेसनसम्म लैजाने प्रसारण लाइन निर्माणको प्रसारण लाइनको टावर निर्माण गर्न आवश्यक पर्ने १५ वटै टावरहरुको फाउन्डेसन निर्माणका कार्य सम्पन्न भई टावर Erection को कार्य नि सम्पन भई सकेको छ भने आगमी महिना देखि तार Stringing को लागि रुख काटान को लागि तयारी भईरहेको छ । आवश्यक Transmission line जडान सामाग्री जस्तैः Tower, Conductor, Insulator, तथा अन्य आवश्यक सम्पुर्ण सामाग्रिहरु कार्य स्थलमा ल्याउने कार्य भईसकेको छ ।



***Power House***



***Control Room***

आयोजनाको पावर हाउस देखि ३.५ किलो मिटरमा रहेको NEA को Kirtipur Substation को निर्माण कार्य भइरहेको छ । जुन सवस्टेसनमा उत्पदित विद्युत, विद्युत प्रसारण लाईनको मध्यमबाट विघुत प्रवह गरिने छ ।



***Transformer Unloading***


**सम्पादक : कृतिका भट्ट**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर, काठमाडौं**

**फोन नः ९७७ - ०१ ४२३२७५०**

**वेबसाइटः www.dordikhola.com.np**